-बैठक संख्या : २८ -स्थान : राप्ती नगरपालिका -मिति : २०८१/११/२३ गते -समय : विहान ०७:३० बजे

यस राप्ती नगरपालिकाको प्रमुख श्री शमशेर लामा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसी निम्न प्रस्तावहरुमा छलफल गरियो ।

तपसिल

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| [signature] | श्री शमशेर लामा | प्रमुख |
| [signature] | श्री देवेन्द्र लामा | उपप्रमुख |
| [signature] | श्री सिद्धिलाल स्याङ्तान | वडा अध्यक्ष वडा नं.१ |
| [signature] | श्री श्यामसुन्दर उप्रेती | वडा अध्यक्ष वडा नं.२ |
| [signature] | श्री शिवकान्त ओली | वडा अध्यक्ष वडा नं.३ |
| [signature] | श्री केदार प्रसाद ~~उप्रेती~~ आचार्य | वडा अध्यक्ष वडा नं.४ |
| [signature] | श्री सिताराम बल | वडा अध्यक्ष वडा नं.५ |
| [signature] | श्री जल्लु थारु महत्तो | वडा अध्यक्ष वडा नं.६ |
| [signature] | श्री सुमिता डल्लाकोटी | वडा अध्यक्ष वडा नं.७ |
| [signature] | श्री ~~पुर्ण प्रसाद आचार्य~~ कमला कुमारी विश्वकर्मा | वडा अध्यक्ष वडा नं.८ का.व. अध्यक्ष |
| [signature] | श्री ~~खड्क बहादुर तमाङ~~ लोकेन्द्र तामाङ | वडा अध्यक्ष वडा नं.९ का.व. अध्यक्ष |
| [signature] | श्री तेज बहादुर तमाङ | वडा अध्यक्ष वडा नं.१० |
| | श्री बुद्धिबहादुर तमाङ | वडा अध्यक्ष वडा नं.११ |
| [signature] | श्री अर्जुन प्रजा | वडा अध्यक्ष वडा नं.१२ |

[signature]

-बैठक संख्या : २८ -स्थान : राप्ती नगरपालिका -मिति : २०८१/११/२३ गते -समय : विहान ०७:३० बजे

| | | |
|---|---|---|
| | श्री अशोक कुमार प्रजा | वडा अध्यक्ष वडा नं.१३ |
| | श्री गोमादेवी धरेल | कार्यपालिका सदस्य |
| | श्री मित्रा कुमारी तितुङ | कार्यपालिका सदस्य |
| | श्री कविता राई | कार्यपालिका सदस्य |
| | श्री रमिता परियार | कार्यपालिका सदस्य |
| | श्री मिना कुमारी अधिकारी | कार्यपालिका सदस्य |
| | श्री आइति देवि दराई | कार्यपालिका सदस्य |
| | श्री रेलबहादुर प्रजा | कार्यपालिका सदस्य |
| | श्री भक्त बहादुर सुनार | कार्यपालिका सदस्य |
| | श्री गुनु वि.क. | जिल्ला समन्वय समिति सदस्य |
| | श्री हरिप्रसाद अधिकारी | सदस्य सचिव |
| | श्री शैलेन्द्र भण्डारी | पशु चिकित्सक आठौं |
| | श्री ई सुरज भट्टराई | अधिकृत सातौं |
| | श्री बिर्जलाल डाँगी | अधिकृत छैटौं |
| | श्री रवीन्द्र प्रसाद पाठक | लेखापाल |
| | श्री कृष्ण प्रसाद रेग्मी | सूचना प्रविधि अधिकृत |
| | श्री स्वर्ण ब. मगर | सहायक कम्प्युटर अपरेटर |

-बैठक संख्या : २८   -स्थान : राप्ती नगरपालिका   -मिति : २०८१/११/२३ गते   -समय : विहान ०७:३० बजे

**प्रस्तावनाहरु :**

१. लेखा प्रमुखको जिम्मेवारी तोक्ने सम्बन्धमा ।
२. भुमि समस्या समाधान आयोग चितवनलाई नापजाँच भएका जग्गा सिफारिस गर्ने सम्बन्धमा ।
३. महिला तथा बालबालिका अस्पतालको लागि जग्गा छनौट गर्ने र डिपिआर बनाउने सम्बन्धमा ।
४. ज्येष्ठ नागरिक परिचयपत्र सम्बन्धीत वडा कार्यालयवाट वितरण गर्ने सम्बन्धमा ।
५. घरको नक्सा अभिलेखिकरण गर्ने सम्बन्धमा ।
६. विपदवाट भएका क्षतिपुर्ति दिने सम्बन्धमा
७. विविध सम्बन्धमा ।

निर्णयहरु :

**निर्णय नं. १**

प्रस्तावना नं. १ लेखा प्रमुखको जिम्मेवारी तोक्ने सम्बन्ध माथि छलफल गर्दा नगरको संगठन संरचना तथा दरबन्दी तेरीज २०७९ अनुसार आर्थिक प्रशासन शाखा प्रमुख ७/८ औं तहको लेखा समुहको हुने व्यवस्था रहेकोले हाल उक्त पद रिक्त रहेको हुदा अर्को व्यवस्था नभए सम्म लेखा समुहको सहायक लेखा अधिकृत (अधिकृतस्तर छैटौं) तहमा कार्यरत श्री गोविन्द जि.सि. लाई आर्थिक प्रशासन प्रमुखको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्तावना नं २ भुमि समस्या समाधान आयोग चितवनलाई नापजाँच भएका जग्गा सिफारिस गर्ने सम्बन्धमा माथि छलफल गर्दा हाल सम्म राप्ती नगरपालिका वडा नं २को ११२४,वडा नं ३ ६४५, वडा नं ७को ४७७,वडा नं ११ को २७६, वडा नं १ को ३३४,वडा नं ५ को ४८६ कित्ताका भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासी जग्गा नापँजाच भएको हुनाले नापजाँच भएका जग्गा भुमि समस्या समाधान आयोग चितवनलाई सिफारिस गर्ने निर्णय गरियो । साथै तपसिल अनुसारको कार्य गर्ने गरि सहयोग गर्न **ऐलानी जग्गा नापजाँच तथा परिचालन उपसमिति** गठन गर्ने निर्णय गरियो । साथै थप जनशक्तिको लागि भुमि समस्या समाधान आयोग चितवनसंग कर्मचारी माग गर्ने निर्णय गरियो ।

**निर्णय नं २ संग सम्बन्धित**

तपसिल

| समितिको नाम र थर | पद | जिम्मेवारी |
|---|---|---|
| श्री देवेन्द्र लामा | उपप्रमुख | संयोजक |
| सम्बन्धित वडा अध्यक्ष | | सदस्य |
| श्री हरि प्रसाद अधिकारी | प्र.प्र.अ | सदस्य |
| श्री मिलन कुवर | भुमि इकाई शाखा प्रमुख | सदस्य |

निर्वाह गर्नुपर्ने जिम्मेवारी :

- वडास्तरिय सहजीकरण समितिसंग समन्वय गर्ने र गराउने

**निर्णय नं ३**

प्रस्तावना नं ३ महिला तथा बालबालिका अस्पतालको लागि जग्गा छनौट गर्ने र डिपिआर बनाउने सम्बन्धमा माथि छलफल गर्दा अस्पतालको जग्गा व्यवस्थापन गर्नका लागि तपसिलका अनुसारको समिति गठन गरि चैत्र मसान्त सम्ममा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

तपसिल

| समितिको नाम र थर | पद | जिम्मेवारी |
|---|---|---|
| श्री देवेन्द्र लामा | उपप्रमुख | संयोजक |
| श्री श्याम सुन्दर उप्रेती | वडा अध्यक्ष, वडा नं २ | सदस्य |
| श्री सिताराम तामाङ्ग | वडा अध्यक्ष, वडा नं ५ | सदस्य |
| श्री सुमिता डल्लाकोटी | वडा अध्यक्ष, वडा नं ७ | सदस्य |
| श्री तेज बहादुर तामाङ्ग | वडा अध्यक्ष, वडा नं १० | सदस्य |
| श्री गोमादेवी धरेल | कार्यपालिका सदस्य | सदस्य |
| श्री ई. सुरज भट्टराई | पुर्वाधार शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं ४**

प्रस्तावना नं ४ ज्येष्ठ नागरिक परिचयपत्र सम्बन्धीत वडा कार्यालयवाट वितरण गर्ने सम्बन्ध माथि छलफल गर्दा राप्ती नगरपालिका वाट प्रदान गर्दै आएको सेवालाई जनमुखी व्यवस्थित,सरल तथा सहज रुपमा छिटो छरितो ढंगवाट ज्येष्ठ नागरिकहरु समक्ष पुर्‍याउन नगरपालिका वाट वितरण गर्दै आएको ज्येष्ठ नागरिक परिचयपत्र वडा कार्यालय वाट वितरण गर्ने निर्णय गरियो ।

-बैठक संख्या : २८ -स्थान : राप्ती नगरपालिका -मिति : २०८१/११/२३ गते -समय : बिहान ०७:३० बजे

**निर्णय नं ५**

प्रस्तावना नं ५ घरको नक्सा अभिलेखिकरण गर्ने सम्बन्ध माथि छलफल गर्दा राप्ती नगरपालिकामा नगरबासीहरुको सुविधालाई ध्यानमा राखि यस नगरपालिका क्षेत्र भित्र व्यापारिक, आवसीय तथा अन्य सबै प्रायोजनका भवनहरुलाई नक्सापास भइ निर्माण गर्दा राष्ट्रिय भवन संहिता प्रतिकुल हुने गरी विना स्वीकृत क्षेत्रफल घटबढ गरी निर्माण भएको, राष्ट्रिय भवन संहिता प्रतिकुल हुने गरी विना स्वीकृती तल्ला थप भएको भवनहरुको हकमा तत्कालिन सडक अधिकार क्षेत्र र नक्सा पास विना निर्माण भएका भवनहरुको हकमा हालको सडक क्षेत्राधिकार र सेडव्याकको मापदण्ड भित्र नपरेका, राष्ट्रिय भवन संहिता प्रतिकुल हुने गरी निर्माण भएका उक्त संरचनाको कारणले उत्पन्न हुने सबै मानविय तथा भौतिक क्षेतीको जिम्मेवार स्वय सम्बन्धित घरधनी हुने गरी जमिन तहभन्दा माथि देखिने संरचनाको अभिलेखिकरण गरी भवन निर्माण सम्पन्न तथा अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्न राप्ती नगरपालिकाको पुर्वनिर्मित भवन तथा नियमित तथा अभिलेखिकरण सम्बन्धि कार्यविधि २०८१ अनुसार २०८२ बैशाख मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

प्रस्तावना नं ६ विपदवाट भएका क्षतिपुर्ति दिने सम्बन्ध माथि छलफल गर्दा तपसिलका विपद वाट क्षति भएका व्यक्ति तथा फर्महरुलाई उल्लेखित आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| लाभाग्राहि | क्षतिको विवरण | पाउने रकम |
|---|---|---|
| यम बहादुर परियार, राप्ती ७ | गोठ जलेको | रु २५०००/- |
| प्रगतिशिल मस्य विकास केन्द्र राप्ती ४ | माछा बगाएको | रु २५०००/- |
| ओम बहादुर उप्रेती,राप्ती ६ | गोठ जलेको | रु २५०००/- |
| धर्मराज श्रेष्ठ,राप्ती ४ | गोठ जलेको | रु २५०००/- |
| बद्रि धिताल, राप्ती २ | गोठ जलेको | रु २५०००/- |
| गणेश प्रजा,राप्ती १ | घर आगोलागी | रु २५०००/- |
| विजुला कुमारी रिजाल,राप्ती २ | घर आगोलागी | रु २५०००/- |
| रमेश वि.क राप्ती १० | घर आगोलागि | रु २५०००/- |
| लाल बहादुर तामाङ्ग,राप्ती १२ | घर आगोलागि | रु २५०००/- |

-बैठक संख्या : २८   -स्थान : राप्ती नगरपालिका   -मिति : २०८१/११/२३ गते   -समय : विहान ०७:३० बजे

**निर्णय नं ७**

प्रस्तावना नं ७ विविध माथि छलफल गर्दा तपसिलका निर्णय गरियो ।

क. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ को दफा ४ बमोजिम एकिकृत नतिजा छलफलका लागि कार्यपालिकामा पेश गरि कार्यपालिकाले प्रारम्भिक एकिकृत नतिजा उपर छलफल तथा बिश्लेषण गरि यथार्थ अंकभार निर्धारण गर्ने र अन्तिम नतिजाको अनुमोदन गरि मूल्यांकनको नतिजा सार्बजनिक गर्नुपर्ने कानूनी ब्यबस्था अनुसार आजको बैठकमा यस कार्यालयको आ.ब. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको एकिकृत नतिजा उपर छलफल गरि कायम हुन आएको अंक ७६.७५% अनुमोदन गरि स्वमूल्यांकनको अन्तिम नतिजा सार्बजनिक गर्ने र यसको नतिजालाई जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

ख. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७७ को दफा ५ मा मूल्यांकनको नतिजाको अन्तिम प्रतिबेदन उपर कार्यपालिका बैठक र सभामा जानकारी गराउने र नतिजा सार्बजनिक गर्नुपर्ने भनि भएको कानूनी ब्यबस्था अनुसार यस कार्यालयको आ.ब. २०८०/०८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन उपर आजको बैठकमा छलफल भई जानकारी प्राप्त भयो । कायम हुन आएको ४३ अंक अनुमोदन गरि मूल्यांकनको अन्तिम नतिजा सार्बजनिक गर्ने र यसको नतिजालाई जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

ग. आगामी आ.ब २०८२/०८३ को समपुर र बिशेष अनुदान माग माथि छलफल गर्दा तपसिलका योजनाहरु माग गर्ने निर्णय गरियो ।

तपसिल

| योजनाहरु | विवरण | वडा नं |
|---|---|---|
| सुरदेवी तटबन्धन | समपुरक | २ |
| आवसिय सहित विद्यालय निर्माण | बिशेष | १ |
| जनता आवास | बिशेष | १३ |
| वीरेन्द्र आर्दश मावि साइन्स ब्लक | बिशेष | ७ |
| शान्तीकुन्ज संग्राहलय | बिशेष | ७ |
| लदरी खोला तटबन्धन | समपुरक | ९ |
| ढुग्रेखोला तटबन्धन | समपुरक | ४ र ६ |
| चेपाङ्ग छात्रावास | बिशेष | १२ |
| मार्ताल खोला खेलमैदान तटबन्धन | समपुरक | ११ |

-बैठक संख्या : २८ -स्थान : राप्ती नगरपालिका -मिति : २०८१/११/२३ गते -समय : विहान ०७:३० बजे

| | | |
|---|---|---|
| जुवा खोला तटबन्धन | समपुरक | ६ |
| चेपाङ्ग मार्ग वाट चात्राङ्ग जाने वाटो ढलान | समपुरक | १२ |
| ढकुरी भञ्याङ्ग वाटो ढलान | समपुरक | १२ |
| पम्पा खोला दैत्यघाट पक्कि पुल | समपुरक | १० |
| स्वामिटार विद्यालय छात्रावास | बिशेष | १० |
| ढुग्रेखोला जेपि पार्क वाट दक्षिण तर्फ तटबन्धन | समपुरक | ६ |
| सेल्फि पुल कजवे निर्माण | समपुरक | ९ |
| च्याद्रा खोला तटबन्धन | समपुरक | ८ |
| चितवन राष्ट्रिय निकुञ्ज सिमाना कंक्रिटवाल निर्माण | समपुरक | १ देखि ३ |
| खहरे खोला तटबन्धन | समपुरक | ४ र ५ |

घ. राप्ती नगरपालिकाको संगठन संरचनामा सवै शाखाहरुको दरबन्दी समावेश नभएकोले नगरपालिकाको आवश्यकता अनुसार सेवा विस्तार भएकोमा सवै शाखाहरुको दरबन्दी समावेश गरि नया संगठन संरचनाको लागि संगठन तथा व्यवस्थापन सर्भे (ONM) स्वीकृत गरि नगर सभामा पेश गर्ने निर्णय गरियो। साथै दरवन्दीमा रहेका करार कर्मचारीको २०८१ पुष मसान्त सम्म करार अवधि कायम रहेको तर पारिश्रमिक मंसिर सम्मको मात्र भुक्तानी भएको हुदा निजहरुको २०८१ पुष महिनाको पारिश्रमिक भुक्तानी गर्ने एवं निजहरुको २०८१ माघ देखि २०८२ असारसम्म करार अवधि थप गर्ने निर्णय गरियो। साथै ज्यालादारी कर्मचारीको बिषयमा प्रमुख प्रशासकीय अधिकृतले सवै शाखासंग समन्वय गरि नियमन गर्ने निर्णय गरियो ।

ङ राप्ती नगरपालिकाको चालु आ.बका आन्तारिक श्रोतमा सञ्चालन हुने आयोजनाहरु चैत्र मसान्त सम्म संकलित आन्तारिक श्रोतको आधारमा २०८२ बैशाख महिनामा मात्र सम्झौता गर्ने ।

च.राप्ती नगरपालिका वडा नं २ मा रहेको बुद्धशान्ती माविको माटो परिक्षण प्रतिवेदन प्राप्त भएको हुदा सो वापतको भुक्तानी एवं डिपिआर प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

छ. नेपाल सरकारले स्थानीय तहलाई प्रदान गर्ने वित्तिय समानिकरण अनुदानमा २५ प्रतिशत कटौती गर्ने निर्णय गरेकोले सो बमोजिम २५ प्रतिशत लागत कटौती गरेर मात्र राप्ती नगरपालिकाको चालु आ.बको वित्तिय समानिकरण अर्न्तगतका आयोजनाहरु सम्झौता गर्ने निर्णय गरियो ।

-बैठक संख्या : २८ -स्थान : राप्ती नगरपालिका -मिति : २०८१/११/२३ गते -समय : विहान ०७:३० बजे

ज. यस राप्ती नगरपालिकामा कार्यरत जनस्वास्थ्य निरिक्षक (अधिकृत छैटौं) क.सं.नं.२२४८७५ श्री सुदन पाण्डेलाई त्रिभुवन विश्वविद्यालय,मनमोहन मेमोरियल इन्स्टिट्युट अफ हेल्थ साइन्समा पुर्ण छात्रवृत्तिमा ४ बर्षे Bachelor In Public Health अध्ययन गर्नका लागि मनोनयन गरि ४ बर्षेको तलवी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

झ.राप्ती नगरपालिका अर्न्तगतका वडास्तरिय योजनाहरुको सम्झौता सम्बन्धित वडाका वडा सचिवहरुले गर्नेगरि अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

ञ.पुर्वपश्चिम राजमार्ग अर्न्तगत राप्ती नगरपालिका भित्रको राजमार्गको ५० मिटर दाया वाया भन्दा बाहिर फुटपाथ निर्माण गर्न पाउने नितिगत निर्णय गरियो ।